# प्रदेश सभा

## प्रदेश नं ४

## दोस्रो अधिवेशन

## (तेह्रौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

मितिः- २०७५/०२/३० बुधवार

प्रदेश सभा प्रदेश नं ४ को दोस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय उपसभामुख श्री श्रृजना शर्माको अध्यक्षतामा दिनको २ बजेर ३६ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्वप्रथम म मिति २०७५ जेठ २१ गते बसेको सभाको पाचौं बैठकबाट दफावार छलफलका लागि बिधायन समितिमा पठाइएको प्रदेश आकस्मिक कोष सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयकको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न सो समितिका सदस्य माननीय श्री सावित्री रानालाई समय दिन्छु ।

**माननीय श्री सावित्री राना**

माननीय सभामुख ज्यु, मिति २०७५ साल जेठ २१ गते बसेको यस सभाको बैठकले निर्णय अनुसार दफावार छलफलका लागि बिधायन समितिमा पठाइएको प्रस्तुत प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक सम्बन्धमा छलफल गर्न मिति २०७५ साल जेठ २२ गते समितिको बैठक बसेको थियो ।

समितिको बैठक माननीय उप सभामुख श्री श्रृजना शर्माको बिशेष उपस्थितिमा समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो ।बैठकमा समितिका माननीय सदस्यहरु श्री आशा कोइराला, श्री कृष्ण चन्द्र नेपाली पोखरेल, श्री धनञ्जय दवाडी, श्री धनमाया पोखरेल लामा, श्री मणिभद्र शर्मा, श्री मन बहादुर गुरुङ, श्री राजीव पहारी, श्री बिष्णु प्रसाद लामिछाने, तथा श्री सावित्रा रानाको उपस्थिति रहेको थियो ।

यसप्रकार समितिको बैठक बसि, व्यापक छलफल गरि सबैको राय र परामर्शलाई समेत समावेश गरि उक्त बिधेयकमा देहायको संशोधन गर्ने समितिको सर्वसम्मतिबाट निर्णय भएबमोजिमको सुझाव सहित प्रदेश नं ४, प्रदेश सभा नियमावलीको नियम ११९ बमोजिम यो प्रतिवेदन पेश गर्दछु ।

1. प्रस्तावना खण्डमा वाञ्छनीय भएकोले भन्ने पछाडिको वाक्यांश हटाइ प्रदेश नं ४ को प्रदेश सभाले यो ऐन बनाएको छ भन्ने वाक्यांश राख्ने ।
2. दफा १ को उपदफा १ मा रहेको प्रदेश आकस्मिक कोष ऐन, २०७४ को सट्टा प्रदेश आकस्मिक कोष ऐन, २०७५ राख्ने ।

सावित्रा राना
सदस्य,
बिधायन समिति

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म मिति २०७५ जेठ २१ गते बसेको सभाको पाचौं बैठकबाट दफावार छलफलका लागि बिधायन समितिमा पठाइएको स्थानीय तहको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न सो समितिका सदस्य माननीय श्री सावित्री रानालाई समय दिन्छु।

## माननीय श्री सावित्री राना

माननीय सभामुख ज्यु, मिति २०७५ साल जेठ २१ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि बिधायन समितिमा पठाइएको प्रस्तुत स्थानीय तहको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक सम्बन्धमा छलफल गर्न मिति २०७५ साल जेठ २२ गते समितिको बैठक बसेको थियो ।

समितिको बैठक माननीय उप सभामुख श्री श्रृजना शर्माको बिशेष उपस्थितिमा समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो ।बैठकमा समितिका माननीय सदस्यहरु श्री आशा कोइराला, श्री कृष्ण चन्द्र नेपाली पोखरेल, श्री धनञ्जय दवाडी, श्री धनमाया पोखरेल लामा, श्री मणिभद्र शर्मा, श्री मन बहादुर गुरुङ, श्री राजीव पहारी, श्री बिष्णु प्रसाद लामिछाने, तथा श्री सावित्रा रानाको उपस्थिति रहेको थियो ।

यसप्रकार समितिको बैठक बसि, व्यापक छलफल गरि सबैको राय र परामर्शलाई समेत समावेश गरि उक्त बिधेयकमा देहायको संशोधन गर्ने समितिको सर्वसम्मतिबाट निर्णय भए बमोजिमको सुझाव सहित प्रदेश नं ४, प्रदेश सभा नियमावलीको नियम ११९ बमोजिम यो प्रतिवेदन पेश गर्दछु ।

1. दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको “ **सैद्धान्तिक रुपमा** ” भन्ने वाक्यांश पछाडि “ **मात्र** ” भन्ने शब्द थप्ने ।
2. दफा १० को खण्ड ग मा रहेका नियम शब्दको सट्टा कानुन शब्द राख्ने ।
3. दफा १४ को उपदफा १ मा रहेको “ **तत्पश्चात सो प्रश्न माथि छलफल हुन दिइ सभा प्रमुखले बिधेयक बैठकको निर्णयार्थ प्रस्तुत गर्नेछ** ” भन्ने वाक्यांशको सट्टा “ **तत्पश्चात सो प्रश्न माथि छलफल हुन नदिइ सभा प्रमुखले बिधेयक बैठकको निर्णयार्थ प्रस्तुत गर्नेछ** ” भन्ने वाक्यांश राख्ने।
4. दफा १९ मा रहेको “ **समितिमा बिधेयकमा** ” भन्ने वाक्यांशको सट्टा “ **समितिमा बिधेयक माथि** ” भन्ने वाक्यांश राख्ने ।
5. दफा २१ को उपदफा २ मा रहेको सभाले भन्ने शब्द दोहोरिएको हुँदा एउटा सभाले भन्ने शब्द हटाउने ।

सावित्रा राना

सदस्य बिधायन समिति

धन्यवाद

## माननीय सभामुख

अब म माननीय भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरलाई प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्ने बनेको बिधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

## माननीय भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगर

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल जेष्ठ २१ गते प्रस्तुत भएको प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्ने बनेको बिधेयक प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम बिधेयक माथि विचार गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु।धन्यवाद।

## माननीय सभामुख

अब म प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्ने बनेको बिधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव माथि बिधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु, यस छलफलमा बिधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु।सर्वप्रथम,माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु।समय ३ मिनेट ।

## माननीय श्री प्रभा कोइराला

सभामुख महोदय, प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्था गर्ने बनेको बिधेयक आफैंमा गौरवान्वित छ यस अर्थमा बिधेयक ल्याएर प्रदेशलाई एउटा कृषिमा आधारित र कृषि क्षेत्रसँगबाट हरेक कृषकहरुको मर्मलाई बुझेर अगाडि बढ्ने गरि ल्याएको यो बिधेयक

म आफैंमा सर्वप्रथम समर्थन गर्न चाहें समर्थन गर्न गर्दछु । नेपालको संबिधानको धारा ५७ को उपधारा २ बमोजिम प्रदेशको अधिकार अनुसुची ६ मा उल्लेखित भएकोले सो सँग सम्बन्धित कानुन बनाउने कार्य प्रदेश सरकारको क्षेत्राधिकारमा पर्ने हुनाले सार्वजनिक निजी र सहकारीको साझेदारीमा उन्नत जातका पशुपालनबाट उत्पादन प्रशोधन बजारिकरण एवं रोजगारी सृजना गरि आर्थिक समृद्धि हासिल गर्न सार्वजनिक निजी र सहकारी क्षेत्र बिच समन्वय र सहजीकरणको लागि सरकारको तर्फबाट दुग्ध विकास बोर्डको स्थापना र व्यवस्था आवश्यकता महसुस गरि सरकारले जुन बिधेयक ल्यायो आफैंमा गौरवान्वित छ ।सरकारलाई धन्यवाद दिन चाहन्छु ।सभामुख महोदय, प्रदेशमा रहेको दुग्धजन्य उद्यमीहरुको ग्रामिण भेगमा रहेका विपन्न वर्गका किसानहरुको जीवनस्तरमै वृद्धि गर्ने गरि निम्न मध्यम तथा सम्पन्न वर्गका उपभोक्ताले उपभोग गर्ने दुग्ध पदार्थ उत्पादन गरि राज्यको कुल ग्राहस्थ उत्पादनमा करिब ९ प्रतिशत हिस्सा ओगटि राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुगिरहेको सन्दर्भमा प्रदेश नं ४ मा दैनिक दुग्ध उत्पादन ४ लाख लिटर दुध उत्पादन हुने गरेकोछ ।उक्त उत्पादन क्षेत्रबाट नेपाली बजारमा प्रदेशस्तरमा १ हजार जना व्यक्तिले प्रशोधन क्षेत्रमा रोजगारी पाएको १५१५ जनाले डेरी पसल र फर्महरुमा रोजगारी पाएको ३ हजार जनाले किसानहरुको घरमा बिक्री केन्द्र खोलेर रोजगारी पाएको समेत जानकारी गराउन चाहन्छु । सहकारी क्षेत्रबाट यस क्षेत्रमा मोटो रकम लगानी गरि करिब ३ अर्ब रुपियाँ शहरबाट गाउँमा समेत पठाउने गरेको समेत जानकारी गराउन चाहन्छु । यसैगरि प्रशोधन दुग्ध प्रशोधन बजारीकरण एवं रोजगारी सृजना गरि दुग्धजन्य कच्चापदार्थहरुको प्रशोधन गरि बजारमा आपूर्ति भएका दुध तथा दुग्ध पदार्थहरुको गुणस्तर अनुगमन नियन्त्रण नियमन मुल्यांकन गर्ने गराउने उन्नत जातका दुधालु पशु खरिद गर्ने कृषकलाई सरल र सहुलियत ऋण उपलब्ध गराउने, दुग्धजन्य उद्योगका लागि पालिएका पशुबाट हुने सह उत्पादन सम्बन्धी उद्योग विकास र विस्तार गर्न समन्वय गर्ने गरि ल्याएको यो बिधेयकले पक्कै पनि कृषि क्षेत्रमा बिचौलियाहरुको अन्त्य गर्नेछ भन्ने म आफूले महसुस गरेको छु ।यसैकारण किसानहरुले बिचौलिया प्रथाको अन्त्य ( माननीय सभामुखबाट समय सकिएको जानकारी) नभएका कारणले किसानहरुले दुख पाइरहेको अवस्था छ सरकारलाई बिचौलिया प्रथाको अन्त्य पक्कै पनि गर्नका लागि सहयोग पनि आफ्नो तर्फबाट गर्नेछु भन्दै मेरो भनाई यहिं अन्त

गर्छु । धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय सदस्य श्री बिष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।समय ३ मिनेट ।

## माननीय श्री बिष्णु प्रसाद लामिछाने

सभामुख महोदय, हामी यतिबेला प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक माथि सैद्धान्तिक छलफल गरिराखेका छौं ।बिशेष गरेर यस बिधेयक मार्फत दुग्ध विकास बोर्डको स्थापना हुने र त्यो बोर्डले यो ४ नं प्रदेशमा दुध र दुधबाट उत्पादन हुने वस्तु आत्मनिर्भर हुने कुरामा सहयोग पुऱ्याउँछ भन्ने मैले विश्वास लिएको छु ।बिशेष गरेर कुनैपनि मुलुक आफैंमा सक्षम हुनको लागि सबै कुरामा आत्मनिर्भर हुन जरुरी छ ।त्यसैगरि हाम्रो यो ४ नं प्रदेश आफुमा आत्मनिर्भर हुनको लागि सक्षम हुनको लागि आत्मनिर्भर हुने विभिन्न पाटाहरुमध्येको एउटा पाटो यो दुग्ध विकास पनि हो ।हामीले यसको माध्यमबाट धेरै शिक्षित युवाहरुलाई बेरोजगार युवाहरुलाई रोजगार दिनसक्ने अवस्था सृजना हुन्छ ।मलाई याद छ, मुम्बईमा कुनैबेला त्यहाँको सरकारले शिक्षित बेरोजगार युवाहरुको लागि पचास प्रतिशत अनुदान र प्रत्येक शिक्षित बेरोजगारहरुको लागि ६ वटा गाई, उन्नत जातका गाई वितरण गर्ने कार्यक्रम ल्याएको थियो, हामीले पनि त्यसरि नै सोच्यौं भने कम्तिमा पनि किसानहरुलाई दुग्धजन्य क्षेत्रमा काम गर्ने किसानहरुलाई प्रोत्साहन गर्ने गरि उनीहरुलाई अनुदान दिने र उनीहरुले उत्पादन गरेका जे जति दुध लगायत र दुधबाट बन्ने जुन पदार्थहरु छन तिन्लाई बजारीकरणको राम्रो व्यवस्था गर्न सकियो भने साँच्चै नै हाम्रो ४ नं प्रदेश आत्मनिर्भर दुध र दुधजन्य पदार्थबाट आत्मनिर्भर हुन्छ भन्ने मलाई लागेको छ ।हामी सँग अहिले पनि त्यस्ता ठाउँहरु छन व्यवसायिक रूपमा खेती के रे कृषि यो पशुपालन गरेको यो धेरै ठाउँहरु छ र राम्रा ठाउँहरु पनि छ हामी त्यसबाट सफल भाका केहि उदाहरणहरु पनि देखेका छौं त्यसैले हामीले जुन बोर्ड स्थापना गर्ने भनेका छौं जुन बिधेयक ल्याएका छौं यो बिधेयकले

यो ४ नं प्रदेशमा अत्यन्त सफलतापुर्वक कृषि बिशेषत पशुपालन दुग्धजन्य पशुपालनमा लागेका किसानहरु चाहिं लाभान्वित हुनेछन् र त्यसले प्रदेश सक्षम हुन समृद्धि हुनपनि सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय सदस्य श्री दिलमाया रोका मगरलाई छलफलमा भाग लिन समय दिन्छु । समय ३ मिनेट ।

## माननीय श्री दिलमाया रोका मगर

माननीय सभामुख महोदय, प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक उपर सैद्धान्तिक छलफलको क्रममा छौं । प्रदेश सरकारले अहिलेसम्म ल्याएका हरेक बिधेयकहरुमा हाम्रा साझेदारी र छलफलबाट स्वीकृत भएका छन् ।यस बिधेयक पनि अहिलेको सन्दर्भमा अत्यन्तै आवश्यक र महत्वपूर्ण रहेको छ ।हाम्रो प्रदेश र राम्रो प्रदेश बनाउनको लागि प्रदेश सरकारले हरेक निकाय र क्षेत्रको विकासमा समानुपातिक प्रतिनिधित्व हुनेगरि आवश्यकताको पहिचान र पूर्वाधार निर्माण गर्दै गयो भने अवश्य पनि हामी र हाम्रो प्रदेश सबल र सक्षम रहनेछ ।सभामुख महोदय, नीति र विधि राम्रो बन्दैमा हाम्रो सबै राम्रो हुन्छ भन्ने मलाई लाग्दैन, त्यसको लागि कार्यान्वयन पक्ष सबल कानुन सम्मत हुनुपर्दछ । म एउटा ४ नं प्रदेशको दुर्गम किसान बस्तीबाट प्रतिनिधित्व गर्दछु । किसानहरुको जीवनस्तरमा परिवर्तन गर्नको लागि अझैपनि व्यवसायिक चेतनाको अभाव छ, त्यस्को साथै उत्पादनलाई व्यवस्थित गर्दै सहज बजार व्यवस्थापनको पनि अभाव रहेको छ ।त्यस्को लागि दुग्ध विकास बोर्डको स्थापनाले कृषकहरुको चेतना अभिवृद्धि गर्दै व्यवसायिक उत्पादन र उपभोगमा आमुल परिवर्तन ल्याउने छ ।यस संस्थाले कृषकलाई सरल र सहज रुपमा आफनो उत्पादन र बजारीकरणको लागि समन्वयको भुमिका निर्वाह गर्नेछ ।यसर्थ यो दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक अहिलेको अवस्थामा कृषकहरुको जीवनयापनको लागि आवश्यक र महत्वपूर्ण रहेको छ । धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु । समय ३ मिनेट ।

## माननीय श्री पियारी थापा

माननीय सभामुख महोदय, प्रदेशको दुध विकास बोर्डको स्थापना गर्न बनेको र व्यवस्थापन गर्न बनेको बिधेयक उपर छलफलको क्रममा रहेका छौं र स्वदेशमा रोजगारीको स्वरोजगारीको अवसर र अर्को तर्फ  कृषकहरुलाई इन्कमको एक्ट्रा सोर्सका कारण दुध उत्पादन व्यवसाय बिक्री वितरणको उचित प्रबन्ध मिलाउन आजको आवश्यकता हो । यसैलाई मध्येनजर गरि आएको आजको बिधेयक ज्यादै महत्वपूर्ण बिधेयक हो । यसले धैरै दुग्धजन्य वस्तुहरुको  उत्पादन, व्यवसाय, बिक्री वितरण केन्द्र उपभोक्ता वर्गको हितलाई मध्यनजर गर्दै आओस पोलिसी मेकिङ्ग प्रोसेसमा महत्वपूर्ण भूमिका अदाह गर्ने हाम्रो प्रदेशको दुरदराजका जनताहरु दुध बिक्री वितरण गरेर पनि आम्दानी गर्न सकिन्छ भन्ने कुराको अभावमा रहेका छन । त्यसकारण बोर्डको काम कर्तव्यको दायरालाई फराकिलो पार्नपर्ने आवश्यकता मैले देखेको छु ।उपभोक्तालाई दुध जन्य पदार्थको उपभोग गर भन्दै अभिमुखिकरण गर्नुको सायद तुक छैन होला किनकी दुध सेवनबाट हुने अतिरिक्त फाइदाको महत्व हामी सबै नेपाली जनताहरुमा अवगत नै छ तसर्थ दुध सेवन गर भन्नुभन्दा पनि दुध र दुधजन्य उत्पादनबाट उत्पादकत्वबाट व्यवसायिकरण गर भन्ने कार्यक्रम सञ्चालन गर्दा अझ बढि प्रभावकारी हुन जान्छ होला ।दुग्ध प्रशोधन केन्द्रहरुलाई आवश्यक नियमन गर्न पनि आजको आवश्यकता हो । दुधजन्य पदार्थमा अखाद्य वस्तुको मिलावट गरिएको उपभोक्ताको जनजीवनसँग नाफा कमाउने नाममा खेलवाड भैरहेको छ । यस्तो प्रवृतिको अन्त्य हुनु पर्छ । त्यसैगरि बजारीकरणको समस्या आजको टड्कारो समस्या हो । उचित मुल्यको अभाव, बजारको अभाव, सडक सञ्जालको अत्यन्तै जटिल अवस्था, भौगोलिक विकटता, संकलन केन्द्रको अभाव र उचित प्रशोधन केन्द्रको अभावमा कृषकहरु मारमा पर्दै आइरहेको यथार्थता छ भने अर्कोतर्फ उपभोक्ता वर्गहरु दुग्धजन्य पदार्थको अभावमा अखाद्य वस्तुहरुको मिसावट भएको उत्पादकको उत्पादनको उपभोग गर्न बाध्य छन । यस्तो दोहोरो रुपमा

समाधान दोहोरो रुपमा रहेको समस्यालाई समाधान गर्न बोर्डले उचित कदम अवश्य उठाउनेछ भन्नेकुरा मैले विश्वास लिएको छु । स्थानीय निकायमा संकलन केन्द्र र एक पालिकामा एउटा प्रशोधन केन्द्र हुन आवश्यक मैले देखेकी छु । उत्पादकत्वलाई बजारीकरण र उचित उपकरणिय संयन्त्र सहितको प्रशोधन केन्द्रको निर्माणले उत्पादनकर्ता र व्यवसायी बिचको मध्यस्थकर्ताको अन्त्य गरि मुल्यमा मनोमानीमा हुने निराकरण हुन सहजता प्रदान हुनेछ मैले विश्वास लिएको छु र त्यसैगरि सामान्य वर्गहरुको समझ भन्दा बाहिरको पोलिसी हुनेहुँदा नीतिगत अस्पष्टहरुले गर्दापनि बढि समस्यामा रहने गरेको मैले महसुस गरेकी छु यस्ता प्रकारका समस्याहरुलाई समाधान गर्दै प्रदेश सरकारले अगाडि बढ्यो भने पक्कैपनि यसले अझ ठूलो आर्थिक समृद्धि हासिल गर्न सहज अवस्था पुग्नेछ भन्ने

**( माननीय सभामुखबाट समय सकिएको जानकारी)**

कुरा राख्दै मेरो भनाईहरु यहिं टुङ्ग्याउँछु । हवस त धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु। समय ३ मिनेट ।

## माननीय श्री हरिशरण आचार्य

माननीय सभामुख ज्यु, प्रदेशको दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक सन्दर्भ बिशेषमा हामी छलफल गरिराखेका छौं र आज हामीले हेरिराखेका छौं केन्द्रमा पनि त्यसको एउटा बोर्ड बनिराखेको छ संस्थानको रुपमा बनिराखेको छ तर त्यसले प्रभावकारी रुपमा काम गरिराखेको छैन । अहिले हामी हेरिराख्ने हो भने दुग्ध व्यवसायीहरु अहिलेपनि पिडित छन् । उनीहरुले राज्यबाट लिने राज्यबाट पाउने सुबिधाबाट अहिले पनि वञ्चित छन् । हामी यसलाई यो बोर्ड बनाउने कुरा त गरिराखेका छौं र यो बिषय त राम्रो छ तर राम्रो भएतापनि यसले प्रभावकारीता कति दिन सक्छ त्यो

कुरा भन्न बाँकी छ ।त्यो त आगामी दिनमा त्यो हेर्न बाँकी छ तर अहिले यो बोर्डको हामी जुन बनाउने भनेर हामीले जुन बिधेयक बनाइराखेका छौं साँच्चै यसको हामी कार्यक्षेत्र र कार्यविधि कसरि निर्माण गर्छौं र यो भित्र रहेर हामीले चाहिं यसको कार्यक्रमहरु कसरि लैजान सक्छौं यो बिषयवस्तु मुख्य बन्छ । त्यसो भएर हामी बोर्ड बनाउने कुरा मात्रै मुख्य कुरा होइन ।हामी बोर्ड बनाएर त्यस्लाई कार्यान्वयन गर्दै त्यस्ले निश्चित लक्षित वर्गमा हामीले सुबिधा दिने कुरा त्यसको उपयोगिता दिने कुरा वास्तवमा महत्वपूर्ण हुन जान्छ र अहिले हामी यो नेपालको सन्दर्भमा जतिपनि दुग्ध व्यवसायीहरु छन ति दुग्ध व्यवसायीहरुले आफनो हितका निमित्त राज्यले सुविधा दिएको कत्ति पनि अनुभुति गरिराखेका छैनन् । अहिले पनि उनीहरु आफूलाई उत्पिडितको महसुस गरिराखेका छन, कृषिजन्य वस्तुहरु उत्पादनका हरेक व्यवसायीहरु अझैपनि उत्पिडितको महसुस गरिराखेका छन । त्यसोभएको कारणले राज्यले दिने सुबिधामा र त्यसपछाडि यो बोर्डको स्थापना पछाडि यसले गर्ने काम कारवाही आगामी दिनमा कस्तो हुन्छन् त्यो कुरालाई व्यवस्थित गर्नका निमित्त जुन बिधेयक बनिराखेको छ यो बिधेयक अगाडि बढ्दै आफना काम कारवाहीलाई किसान र व्यवसायीहरुको हितमा रहेर यो मुलुकलाई समृद्ध बनाउने तिर अगाडि बढोस् यहि शुभेच्छा प्रकट गर्न चाहन्छु ।धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय श्री डोबाटे विश्वकर्मा

सभामुख महोदय, दुध विकास बोर्ड स्थापना सम्बन्धी प्रस्तुत भएको बिधेयक सम्बन्धी छलफलमा हामी उपस्थित भएका छौं निश्चयपनि किसानहरुको हक कृषकहरुको हक र अधिकारको निम्ति यो स्थापनाको आफ्नै महत्वपूर्ण भुमिका छ भन्ने मलाई लाग्दछ ।बिशेष गरेर थोरै कुराहरु म यहाँ निवेदन गर्न चाहन्छु । वास्तवमा यो समिति गठनको सम्बन्धमा थोरै कुराहरु मैले राख्न चाहें ।यो समितिमा उपाध्यक्षको अवधि ४ बर्ष, कार्यकारी अधिकृतको समयावधि ४ बर्ष र सदस्यहरुको २ बर्ष मात्रै भन्ने यहाँ उल्लेख रैछ त्यल्ले गर्दाखेरिमा यो न्यायोचित भएन कि जस्तो मलाई लाग्छ किनभने आखिरमा

सबैको दायित्व र जिम्मेवारी बराबर हो त्यसकारण कि चारै बर्ष हुनुपर्छ कि तीन बर्षको सबैको अवधी त्यहि अनुसार सरहै हुनुपर्छ भन्ने मलाई लाग्दछ र अर्को कुरा यहाँ उपसमिति गठन गर्ने भनिएको छ त्यो उपसमिति गठन गर्दाखेरिमा पनि यो आर्थिक भार पर्छ कि जस्तो लाग्छ त्यसको आवश्यकता पर्दैन कि जस्तो लाग्छ त्यसलाई पनि हामीले पुनर्विचार गर्नुपर्छ भन्ने मलाई लाग्दछ र अब यो उपाध्यक्ष र कार्यकारी अधिकृतको सेवासुबिधाको सम्बन्धमा उल्लेख गरिएको छ र सदस्यहरुको बिषयमा कुनै कुनैपनि बोलिएको छैन त्यसकारणले उनीहरुको पनि एउटा दायित्व र जिम्मेवारी भाको कारणले उनीहरुलाई कतैकतै सम्बोधन हुनुपर्छ जस्तो मलाई लाग्दछ र सम्पत्तिको सञ्चालन सम्बन्धमा निजी सम्पत्ति सरह हुने भनिएको छ त्यसले गर्दाखेरिमा यो हामीले कुनै न कुनै एउटा उनीहरुलाई एउटा हाम्रो पनि सरकारको पनि दायित्व र जिम्मेवारी भएन भने त्यसले यो निजी सम्पत्ति सरह गर्दाखेरिमा उनीहरु अलिकति आफ्नो स्वतन्त्र रुपबाट बढि सम्पत्तिलाई अनियमित ढंगले जान सक्छ कि भन्ने जस्तो लाग्छ त्यसकारणले गर्दाखेरिमा हामीले त्यल्लाई पनि अलिकति सोच्नुपर्छ भन्ने मलाई लाग्दछ । बिशेष गरेर दुध व्यवसायीहरुलाई हामीले राम्रो गर्ने खालकोलाई पुरस्कारको व्यवस्था र नराम्रो गर्नेखालकोलाई जरिवानाको पनि व्यवस्था गर्ने कमसेकम हामीले त्यसमा उल्लेख गर्नपर्छ भन्ने मलाई लाग्छ किनभने अहिले दुधमा धेरै मिसावट धेरै चाहिं विभिन्न खालका धन्दाहरु भाका छन त्यस्ले गर्दाखेरिमा पनि हामी उपभोक्ताहरुलाई त्यस्ले धेरै असर पारिरहेको अवस्था छ त्यस्को निम्ति पनि हामीले एउटा हामी बोर्डको नियम नीति बनाउँदाखेरिमा पनि त्यल्लाई सम्बोधन गर्नुपर्छ भन्ने मलाई लाग्दछ र आर्को कुरा चाहिं हामीले कृषकहरुलाई ऋण दिंदाखेरिमा हामीले सहुलियत व्याजमा र सस्तो एकदमै न्युनतम व्याजमा लगानी गर्नुपर्छ भने हामीले अनुदानको पनि व्यवस्था गर्ने कमसेकम यो बिधेयकमा हाम्ले चाहिं कुनै हाम्ले चाहिं सम्बोधन गर्न सकियो भने वास्तवमा कृषकहरुको न्याय र अधिकार हुन्छ हक हित हुन्छ भन्ने मलाई लाग्दछ र आर्को कुरा जबसम्म किसानहरुलाई ले उत्पादन गरेको दुधलाई बजारको व्यवस्था हुन सकेन भने अहिलेपनि कतिपय किसानहरुले अब चाहिं कम मूल्यमा दुध बेच्नुपरेर हामीले चाहिं पटक पटक सुनेका छौं कि दुध किसानहरुले दुध चाहिं रोडमा फालेको अवस्थाहरु छ त्यसले गर्दा यसको व्यवस्थाको निम्ति पनि यो बोर्ड गठन भैसकेपछि कार्यविधि निर्माण हुनुपर्छ भन्ने मलाई लाग्दछ ।धन्यवाद

।जयनेपाल ।

## माननीय सभामुख

अब म माननीय भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगर

सभामुख महोदय र माननीय सांसदज्युहरु, सर्वप्रथम त यहाँहरु सबैलाई अभिवादन। प्रथमतः माननीय सदस्यज्युहरुले प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक उपर सैद्धान्तिक रुपमा छलफल प्रस्तुत गर्नु भएको छ र यहाँहरुले यसको महत्वको बारेमा अझ केहि पाटा पक्षका बारेमा सुझाव दिनुभएको छ त्यस्को लागि म धन्यवाद व्यक्त गर्न चाहन्छु ।दोस्रो कुरा हामीले यो बिधेयक किन ल्याएका छौं भन्ने बारेमा म थोरै के बिषय राख्न चाहन्छु भने हामीले के चाहेका छौं भने यो प्रदेशलाई दुधको हब बनाउन चाहेका छौं ।हामीले ५ बर्ष भित्रमा भनौ अथवा ३ बर्ष सम्ममा हामीले एउटा आत्मनिर्भरताको सिद्धान्त लिएर ५ बर्षमा चाहिं निर्यातयोग्य हामीले चाहिं आयातलाई प्रतिस्थापन गर्ने र निर्यातलाई वृद्धि गर्ने भन्ने सोचेका छौं र अर्को पक्ष के छ भने दुधको चाहिं किन तत्काल जरुरी भयो त भन्ने सन्दर्भमा निकट भविष्यमा हाम्रो प्रदेशमा बन्दै गइरहेको सम्पन्न हुँदै गइरहेको अन्तराष्ट्रिय एयरपोर्ट छ त्यो अन्तर्राष्ट्रिय एयरपोर्टको दैनिक क्षमता भनेको झण्डै ९० हजार पर्यटक बोक्ने क्षमता हुँदोरहेछ ।ती सबै पर्यटकलाई हामीले चाहिं हाम्रो उन्नत प्रकारको खाद्यान्न तरकारी, फलफुल, दुध, मासु,अण्डा लगायत मानविय आवश्यकताका बिषययवस्तुहरु जुन हाम्रो लागि अपरिहार्य छ त्यो हाम्रो प्रदेशले ख्वाउन पियाउन पर्छ सो कारणले हामीले यसलाई तत्कालै हामीले कार्यक्रममा व्यवस्थित गर्दै नजाने हो भने हामी हाम्रो प्रदेशमा चाहिं भोलि पर्यटकिय आवागमनमा पनि ठुलो असर पर्छ र अहिले मान्छेहरुले एक बर्षमा चाहिं एउटा मान्छेले चाहिं ९१ लिटर दुध खानुपर्ने रहेछ त्यसरि हेर्दा हाम्रो प्रदेशमा २४ लाख भन्दा बढि जनसंख्या अहिलेको स्थितिमा छ ति २४ लाख जनसंख्याले लाई हामीले दुध ख्वाउनु पर्‍यो भने बार्षिक हिसाब र दैनिक हिसाब निकाल्न पर्दामा चाहिं एक दिनमा झण्डै ६ लाख लिटर जति दुध चाहिने रैछ हाम्रो प्रदेशमा

।के हाम्रो प्रदेशले अहिले ६ लाख लिटर दुध चाहिं उत्पादन गर्न सकेको छ त ? यो बिषय अलि गम्भिर छ र सकेको छैन त ? के हाम्रो प्रदेशमा त्यो सम्भावना छैन त ? फेरि त्यो सम्भावना छ त्यस्को लागि आवश्यक पर्ने प्रबन्ध के गर्नुपर्‍यो भने चाहिं सरकार मार्फत आवश्यक ऐनको तर्जुमा गरेर, नियमको व्यवस्था गरेर, विनियमको पनि तयारी गरेर र आवश्यक कार्यविधि तयार गरेर हामीले अगाडि नबढ्नेहो भने त्यो कुरा फेरि हावाको फोका जस्तो हुन्छ अथवा पानीको फोका जस्तो हुन्छ त्यसैले त्यसलाई व्यवस्थित गर्नको लागि हामीले अहिले अनिवार्य रुपमा हामीले दुग्ध विकास बोर्ड ऐन निर्माण ऐन चाहिं जरुरी भयो त्यसैले हामीले यल्लाई अगाडि बढायौं र हामीले चाहेको के छ भने हामीले चाहेको चाहिं दानामा आधारित एकदम असली चाहिं घाँसमा आधारित दाना बनाउने र पशुमा आधारित प्राङ्गारिक कृषि उत्पादन गर्ने भन्ने हाम्रो सोच छ अथवा भनौ हामीले चाहिं पशुपंक्षीलाई जसरि उत्पादन गर्न सकिन्छ त्यसरि नै हामीले प्राङ्गारिक खेती गर्न सकिन्छ भन्ने हाम्रो मुख्य जोड छ त्यसैले पशुपंक्षीको उत्पादन र विकास र अन्य खाद्यान्न तरकारी तथा फलफूलहरुको उत्पादन र विकास त्यस्को अन्योन्याश्रित सम्बन्ध छ त्यसो हुनाले हामीले पशुपालन व्यवसायलाई अलि वैज्ञानिक तवरले लान सकिन्छ कि भन्ने हाम्रो सोच हो र अहिले हामीले सोचेको के छ भने वास्तवमा हामीले पुरानो रैथाने गाईहरुको, रैथाने भैंसीहरुको संरक्षण जरुरी नै छ तथापी त्यस्ले मात्रै हाम्रो आवश्यकता पुरा हुन नसक्ने हुनाले अबको सन्दर्भमा हामीले अलि वृहत दुध दिने गाईहरु अथवा भनौं होलिस्टिन फिचर गाईहरुलाई व्यापक गर्नुपर्छ कि भन्ने हामीले  सोचेका छौं ।त्यो चाहि होलिस्टिन फिचर गाईले अहिले नेपाली गाईले भन्नुहुन्छ भने एउटा गाईले १.७ लिटर दुध दिने रहेछ त्यस्ले हाम्रो समस्या हल हुन सकेन ४०-४५ किलो उस्ले खान खाने घाँस खाने रहेछ त्यो नेपाली गाईले ।त्यतिनै खाने होलिस्टिन फिजन गाईले एक दिनमा झण्डै २५ देखि ३० लिटरसम्म दुध दिन सक्ने रहेछ, त्यसो भयो भने हामीले चाहिं अलि अरुचाहिं सन्दर्भमा हामीले हाम्रो क्षेत्रमा हाम्रो प्रदेशमा चाहिं ५ देखि १० हजार जतिसम्मको होलिस्टिन फिजन गाई पाल्न सक्यौं भने हाम्रो कति लाख उत्पादन हुन्छ दुधको कति लाख दैनिक दुध निस्कन्छ भन्ने कुरा त्यस्ले पुष्टि गर्छ ।झण्डै ४ हजार जति गाईले झण्डै लाख भन्दा बढि दुध दिने रहेछ ।८ हजार भयो भने २ लाख हुने भयो यो हिसाबले हामीले गर्न सकिन्छ कि एउटा हामीले केन्द्रीकृत टाइपले हामीले भनौ एउटा चाहिं नमुना एउटा केन्द्रीकृत एउटा चाहिं केन्द्रित

गर्ने एउटा निश्चित केन्द्रमा व्यवस्थित गर्ने त्यसपछि त्यसबाट फेरि उत्पादित भएको अरु बाच्छीहरुलाई हामीले सेक्सीमोन जो हामी अहिले आधुनिक प्रकारले त्यो प्रयोग गर्दै छौं ।त्यल्लाई हामीले प्रत्येक जिल्लामा दुई सय, चार सय, पाँच सय, हजारको संख्या फेरि विकास गर्दै जाने वितरण गर्दै जाने र प्रत्येक घरले भोलि २-२ वटा गाई पाल्नपर्ने स्थिति बनाउने यदि हो भने हामी सबै मान्छे चाहिं दुग्ध व्यवसाय क्षेत्रमा चाहिने आत्मनिर्भर हुन सक्छौं त्यो उद्देश्य लिएर अहिले हामीले घाँसमा आधारित दाना निर्माण गर्ने, त्यसपछि घाँसमा आधारित दाना निर्माण गरिसकेपछि त्यो गाईले गाईको गोबरबाट हामीले प्राङ्गारिक मल उत्पादन गर्ने जुन मललाई हामीले प्याकिङ्ग गरेर बिक्री वितरण गर्न सक्छौं ।प्रत्येक गाईको पिसाबबाट हामीले आइपिएम प्रविधिको एउटा घरेलु बिषादीको रुपमा प्रयोग गर्ने, त्यो अर्को पिसाबबाट चाहिं अर्को औषधीको बनाउन सक्छौं र अर्को दुधबाट चाहिं बन्ने हरेक पदार्थहरु तयार गर्न सकिन्छ धेरै किसिमको उद्योगहरु चल्न सक्छ र दुधलाई अर्को के भने पाउडर दुधमा रुपान्तरण गर्ने मुख्य समयमा धेरै दुध दिने समयमा हामीले त्यहि अनुसार पाउडरमा निर्माण गर्ने र थोरै हुने अवस्थामा त्यो पाउडर दुधलाई फेरि के छ भने हामीले बजारमा विस्तार गर्ने यसरि हामीले एउटा फर्म मार्फत एउटा केन्द्र मार्फत हामीले चाहिं दानामा आधारित के रे घाँसमा आधारित दाना अब अन्नमा आधारित दाना होइन किनभने यहाँ हात्ती ठुलो भएको गैंडा ठुलो भएको  अन्न खाएर होइन रहेछ घाँस खाएर रछ यसको मतलव जतिपनि पौष्टिक आहार आवश्यक पर्छ त्यो घाँसमा छ भन्ने कुरा त्यल्ले देखाउँछ । त्यसैले घाँसमा आधारित दाना निर्माण गर्ने त्यसो हो भने हामीलाई चाहिं भोलि विदेश मार्फत अथवा कुनै क्षेत्र मार्फत हामीलाई अवरोध भयो अथवा नाकाबन्दी भयो भने हाम्रा पशुपन्छीहरु नमर्ने भए एउटा गाई पाल्नको लागि झण्डै ५ रोपनी जग्गा चाहिन्छ रे त्यसको निम्ति दाना पुरा गर्नका निम्ति भनेपछि एक रोपनीमा एउटा गाई पालिन्छ भने १०० रोपनीमा ५ सय रोपनी चाहियो २ सय रोपनीमा हजार रोपनी चाहियो भने हजार रोपनीमा कति चाहियो २ हजार रोपनी चाहियो दुई हजार रोपनीमा ४ हजार रोपनी चाहियो ४ हजार रोपनीमा ५ हजार जति गाईलाई हामीले २५ हजार रोपनी चाहियो जग्गा चाहिन्छ एउटा हामीले ठुलो एउटा एरिया बनायौं ५ हजार एकै ठाउँमा पाल्ने स्थिति बनायौं भने चाहिं २५ हजार रोपनी जग्गा चाहियो । यो आधारबाट ठुलो एउटा चाहिं नमुनाको एशियामै एउटा नमुनाको रुपमा प्रस्तुत गर्न सकिन्छ कि त्यसले पर्या पर्यटनको

विकास गर्न सकिन्छ कि भन्ने उद्देश्यले यो किसिमको बोर्ड मार्फत आवश्यक नीति निर्माण गरेर आवश्यक अरु नियमहरु, नियमावलीहरु, कार्यविधिहरु तयार गर्न सकिन्छ कि भन्ने उद्देश्यले यो तयार गरिएको छ त्यसैले माननीयज्युहरुको जो सुझाव छ त्यो प्रति हामीचाहिं म चाहिं धेरै हार्दिक आभार व्यक्त गर्न चाहन्छु आभारी छु यसमा यहाँहरुले सबै अध्ययन गरिसक्नु भाछ उद्देश्यको बारेमा, काम कर्तव्य र अधिकारको बारेमा पनि विस्तृत गर्नुभाछ यसले विस्तृत नीति बनाउँछ अब यसको निम्ति चाहिं हामीले २ वटा समिति बनाएका छौं यहाँ निजि क्षेत्रको पनि विस्तृत होस निजिलाई पनि असर नपरोस् भनेर निजिको पनि उपस्थिति गराउने, बोर्ड संस्थानको पनि उपस्थिति गराउने, त्यसपछि उद्योग बाणिज्य संघको पनि उपस्थिति गराउने अनि मन्त्रालयको पनि चाहिं कानुन मन्त्रालयको उद्योग मन्त्रालयको पनि उपस्थिति गराउने त्यसपछि कृषि मन्त्रालयको मतलव भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय आफै नै त्यहाँ एउटा चाहिं प्रतिनिधित्व हुन्छ त्यहाँ । त्यसो भैसकेपछि सबैको चाहिं त्यहाँ प्रतिनिधित्व गराएर यसलाई व्यवस्थित गर्ने र एउटा चाहिं एउटा नयाँ किसिमले व्यवस्थित गर्ने र अरु लगानीकर्तालाई पनि अब लगानी गर्न उत्प्रेरित गर्ने र हामीले हाम्रो प्रदेशमा चाहिं दुधको हब निर्माण गर्ने यो महान अभियान जुन छ यो अभियानका निम्ति तपाई सम्पूर्ण माननीयज्युहरुलाई साथ सहयोग गर्न र आवश्यक सुझाव दिनुहुन हार्दिक अनुरोध गर्दै फेरि पनि म सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद । नमस्ते ।

## माननीय सभामुख

अब यो छलफल यहिं समाप्त हुन्छ ।

अब म प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।बिधेयकमा संशोधन पेश गर्न चाहनुहुने माननीय सदस्यहरुले प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आँफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ ।

माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई खोप सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक प्रदेश सभा नियमावलीको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगर

माननीय सभामुख महोदय, खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मुलन गरि शिशु, बाल, मातृ तथा अन्य व्यक्तिको मृत्युदर घटाउने तथा खोप सेवाको विकास, विस्तार र सुदृढिकरण गरि गुणस्तरीय खोप सेवा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले प्रदेश सभा सचिवालयमा मिति २०७५ जेठ २४ गते दर्ता भएको खोप सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक नेपालको संबिधानको धारा १९८ को उपधारा १ तथा प्रदेश नं ४ , प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

## माननीय सभामुख

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ ३१ गते बिहान ११ बजे सम्मको लागि स्थगित हुन्छ ।**